बैठक नं. २

आज मिति २०८१।०५।२६ गते बुधबारको दिन यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न विषयमा छलफल एवं निर्णय गरियो।

<u>उपस्थिति:</u>

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | [signature] |
| २ | उपाध्यक्ष | श्री भुवलराज राई | [signature] |
| ३ | प्र.प्र.अ./सदस्य सचिव | श्री दिल कुमार अधिकारी | [signature] |
| ४ | सदस्य | श्री ढक बहादुर कार्की | [signature] |
| ५ | सदस्य | श्री पदम बहादुर मगर | [signature] |
| ६ | सदस्य | श्री तारा कुमार राई | [signature] |
| ७ | सदस्य | श्री सन्तोष आचार्य | [signature] |
| ८ | सदस्य | श्री फौदराज राई | [signature] |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | [signature] |
| १० | सदस्य | श्री गणेश बहादुर परियार | [signature] |
| ११ | सदस्य | श्री पुर्ण बहादुर माझी | [signature] |
| १२ | सदस्य | श्री चिजा दर्जी | |
| १३ | सदस्य | श्री शोभा राई | श्री राई |
| १४ | सदस्य | श्री कमला नेपाली | कमला |
| १५ | सदस्य | श्री मनिशा विश्वकर्मा | |

१. छत्र बहादुर नापिया लेखा अधिकृत [signature]
२. सुजिव तामाङ - सु.प्र.अ. [signature]
३. रमेश पोखरेल सहायक पाँचौं [signature]

**प्रस्तावहरु**

१. ठेक्का सम्बन्धमा ।
२. प्रशासकीय भवन निर्माणको म्याद थप सम्बन्धमा ।
३. आर्थिक सहायता सम्बन्धमा ।
४. बंशिलाघाटको बेलिब्रिज सम्बन्धमा ।
५. बुयाँटार चमेरेपुल सडक मर्मत सम्बन्धमा ।
६. ४ नं. वडाको प्रशासकीय भवन निर्माण सम्बन्धमा ।

**निर्णयहरु:-**

**निर्णय नं. १** यस गाउँपालिकाको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपशिलका योजनाहरुको लागत अनुमान तयारी भईसकेकाले ठेक्का प्रकृया मार्फत सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम यथासिघ्र आवश्यक कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | योजनाको नाम | स्रोत | लागत अनुमान रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | धाप्लाङ-सिन्ताङ-वराहपोखरी सडक | संघीय समपूरक साझेदारी | २,१४,९९,९१७.६३ | VAT, PS र Contengency समेत |
| २ | धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक योजना (CH 7+000-CH 8+000) | प्रदेश समपूरक साझेदारी | १,२८,९९,९७३.४४ | VAT, PS र Contengency समेत |

उक्त धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक योजना (CH 7+000-CH 8+000) गत आ.व. २०८०।८१ मा (CH 6+675 देखि CH 7+471 सम्म) काम सम्पन्न भएको र चालु आ.व. २०८१।८२ मा पनि योजनाको नाम एउटै भएको हुँदा चालु आ.व. २०८१।८२ मा सोहि सडक योजनाको (CH 7+471 देखि CH 8+751सम्म ) कार्य गर्नेगरी ल.ई. तयार गरिएकोले तत्काल कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन ठेक्का नं. BPRM/KHOTANG/NCB/05/2077/078 Consctruction of Rural Municipality Administration Building योजनाको निर्माण कार्य कौशिल बस्नेत निर्माण सेवा प्रा.लि. का.म.न.पा. १० बानेश्वर मार्फत भईरहेको तर विविध कारणवस सम्झौता अविधि मिति २०८१।०५।२० गतेभित्र सम्पन्न गर्न नसक्ने भनि उक्त कम्पनीले यस कार्यालयमा निवेदनका साथ संशोधित Work Schedule पेश गरेको हुँदा उक्त कम्पनीलाई सार्वजनिक खरिद नियमावली, २०६४ (तेह्रौं संशोधन) को नियम १२० बमोजिम मिति २०८१ साल मंसिर मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।